अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


## चिशंखुगढी गाउँपालिका
## स्थानीय राजपत्र

| खण्ड: ७ | संख्या: ३ | मितिः २०८१/०३/०१ |
|---|---|---|


भाग-२

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

# दलित र गैर दलित बीच हुने अन्तर्जातीय विवाह प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१


कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०२/२८

राजपत्रमा प्रकाशित मिति: २०८१/०३/०१


**प्रस्तावना:** नेपालको संविधानको प्रस्तावना तथा मौलिक हकको मर्म र भावना बमोजिम दलित समुदायको हकहित तथा अधिकारको संरक्षण, सम्वर्द्धन गर्दै समतामूलक गाउँको रुपमा विकास गर्नुको साथै प्रचलित कानुनले परिभाषित गरेको दलित समुदायलाई राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक लगायत समग्र क्षेत्रमा पहिचान प्रतिनिधित्व र पहुँच अभिवृद्धि गर्दै विकासको मुलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले " दलित र गैर दलित बीच हुने अन्तर्जातीय विवाह प्रोत्साहन तथा सम्मान" गर्न आवश्यकता देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकारलाई प्रयोग गरी यो दलित र गैर दलित बीच हुने अन्तर्जातीय विवाह प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " दलित र गैर दलित बीच हुने अन्तर्जातीय विवाह प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछि चिशंखुगढी गाउँपालिका भित्रका दलित र गैह्र दलित बीच विवाह गरेको व्यक्तिहरूको हकमा लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "गाउँपालिका" भन्नाले चिशंखुगढी गाउँपालिकालाई सम्झनुपर्छ।

घ) "प्रमुख " भन्नाले चिशंखुगढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ङ) "उप-प्रमुख" भन्नाले चिशंखुगढी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

च) "वडा अध्यक्ष" भन्नाले चिशंखुगढी गाउँपालिकाको वडा अध्यक्षहरूलाई सम्झनुपर्छ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिशंखुगढी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ज) "सभा" भन्नाले चिशंखुगढी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

ञ) "दलित" भन्नाले राष्ट्रिय दलित आयोगमा सूचीकृत गरेको दलित समुदायको सूचिमा पर्ने व्यक्तिहरूलाई सम्झनुपर्छ।

**३. कार्यविधिका लक्ष्य, उद्देश्यहरुः**

क) जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को प्रचार प्रसार र कार्यान्वयन गर्नु।

ख) जातीय भेदभाव तथा छुवाछूत विरुद्धको बहस पैरवी गर्दै निरुत्साहित गर्नु।

ग) दलित र गैर दलित बीच हुने विवाहलाई प्रोत्साहन गर्दै विभेद रहित समाजको निर्माण गर्नु।

घ) विभेदमा आधारित जात व्यवस्थाको अन्त्य गर्नु।

**४. सूचना प्रकाशन गर्ने:** दलित र गैर दलित बीच हुने विवाहलाई प्रोत्साहन तथा सम्मान गर्न प्रत्येक आ.व. को जेष्ठ १५ गते ७ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ। सूचना गाउँ कार्यपालिकाको वेबसाइट र सूचना पाटीमा अनिवार्य टाँस गरी जानकारी गराउनु पर्नेछ। सूचना अनुसूची-१ बमोजिमको ढाँचामा हुनेछ।

**५. निवेदन दिनु पर्ने:** दलित र गैर दलित विवाह सम्बन्धी सूचना प्रकाशन भए पश्चात् देहायका कागजातहरू सहित अनुसूची-२ बमोजिम निवेदन पेश गर्नु पर्नेछ। दलित र गैर दलित विवाह सोही आर्थिक वर्षको विवाहलाई मात्र मान्य हुनेछ।

(क) कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) दोहोरो प्रोत्साहन रकम दाबि नगरिएको सम्बन्धित वडा कार्यालयको सिफारिस।

**६. सिफारिस समिति:** दलित र गैर दलित बीच हुने विवाह प्रोत्साहनको लागि सिफारिस गर्ने देहायको बमोजिमको सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) कार्यपालिकाले तोकेको एक महिला सहित २ जना वरिष्ठ कर्मचारी | - सदस्य |
| (ग) गाउँ कार्यपालिकामा निर्वाचित दलित जनप्रतिनिधि मध्येबाट १ जना | - सदस्य |

**७. समितिको काम, कर्तव्य र अधिकार:**

(१) चिशंखुगढी गाउँपालिका भित्र दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, प्रवर्धनका लागि गाउँपालिकामा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग तथा सहजीकरण र विकास गर्नको लागि समन्वय गर्ने।

क) प्राप्त निवेदनहरूको छानबिन गर्ने।

ख) आवश्यक कागजातहरू माग गर्ने।

ग) दलित र गैर दलित बीच भएको विवाहलाई गाउँ कार्यपालिकामा सिफारिस गर्ने।

**८. कोष रकम:** दलित र गैर दलित विवाहितहरूलाई वितरण गर्ने रकम गाउँसभाले तोकिए बमोजिम हुनेछ।

**९. कोषको उपयोग:** दलित र गैर दलित विवाहितहरूलाई वितरण गर्ने रकम प्रति विवाहित जोडी रु. १,००,०००/- (अक्षरेपी रु. एक लाख) बाट नबढ्ने गरी हुनेछ।

**१०. सार्वजनिक गर्ने:** दलित र गैर दलित विवाहितहरूको विवरण गाउँपालिकाले आफ्नो सूचना पाटी र वेबसाइटमा अनिवार्य सार्वजनिक गर्नु पर्नेछ।

**११. सचिवालय:** दलित र गैर दलित विवाह सम्बन्धी कार्य गर्न गाउँपालिकाको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ।

## अनुसूची १
## दफा ४ को उपदफा १ सँग सम्बन्धित

मिति:......................

### दलित र गैर दलित बीच भएका विवाह सम्बन्धी निवेदन पेश गर्ने सम्बन्धी सूचना

दलित र गैर दलित बीच हुने अन्तर्जातीय विवाह प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम दलित र गैर दलित बीच भएका विवाहितहरुलाई सम्मान तथा प्रोत्साहन गरिने भएकोले यो सूचना जारी भएको मितिले सात दिन भित्र देहायका कागजातहरू संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

पेश गर्नु पर्ने कागजातहरू:

क) नेपाली नागरिकताको प्रमाण-पत्र,

ख) विवाह दर्ताको प्रमाण-पत्र।

## अनुसूची २
## दफा ५ सँग सम्बन्धित

दलित र गैर दलित बीच भएका विवाहितले पेश गर्ने निवेदनको ढाँचा

मितिः......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चिशंखुगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय सेर्ना, ओखलढुंगा।

**विषय: दलित र गैर दलित बीच भएका विवाह सम्बन्धी निवेदन पेश गरेको।**

तहाँ कार्यालयको मिति २० / / प्रकाशित दलित र गैर दलित बीच भएका विवाहितले निवेदन पेश गर्ने सम्बन्धी सूचना अनुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

विवाहितको नामः
स्थायी ठेगानाः
पेश गरिएका कागजातहरूः
क) नेपाली नागरिकताको प्रमाणपत्र,
ख) विवाह दर्ताको प्रमाण-पत्र
ग) दोहोरो प्रोत्साहन रकम दाबि नगरिएको सम्बन्धित वडा कार्यालयंको सिफारिस।

आज्ञाले
सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत